# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७८
## सुनकोशी गाउँपालिका,
## ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नं. ९०

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
सुनकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

नेपाल
२०१६

**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः ०७८/७९
च.नं.: ८६ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मुलखर्क, ओखलढुंगा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **सुनकोशी गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७/१०/२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रिया प्राप्त भएतापनि प्रमाण कागजात पेश हुन आएन । सो अनुसारको अन्तिम प्रतिवेदन **पाना १८** यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ४ करोड ७२ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२३ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९८ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १७ लाख ६५ हजार र पेश्की बाँकी रु.३३ लाख रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# सुनकोशी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनकोशी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, १४४ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ४५० जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष -** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त हुन सकेन । सम्पूर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| एकिकृत आर्थिक विवरण २०७६/७७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | | व्यय तर्फ | | |
| सि.नं | विवरण | रकम | कुल रकम | सि.नं | विवरण | रकम | कुल रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४२७२५३१८ | १ | **आन्तरिक स्रोत खर्च** | ४१५७८५० | ४१५७८५० |
| | क. बैंक मौज्दात | ४२७२५३१८ | | २ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | २३२३६१७६३ |
| २ | **राजश्व आन्तरिक आय** | | २०२०८१९ | | क. वित्तीय समानीकरण अनुदान | ५४६६४४३८ | |
| | क. आन्तरिक राजस्व | २०२०८१९ | | | ख. शशर्त अनुदान नेपाल सरकार | १५१६८४३२५ | |
| | ख. मालपोत कर | | | | ग. समपुरक अनुदान | १०७००००० | |
| ३ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | ३४२९२७२५२ | | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | ५५२२००० | |
| | क. वित्तीय समानीकरण अनुदान | ८१२००००० | | | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | ९७९१००० | |
| | ख. शशर्त अनुदान नेपाल सरकार | १७६९८२००० | | | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - हेल्भटास | ५९२९०५० | ५९२९०५० |
| | ग. समपुरक अनुदान | १०७००००० | | | छ. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - SIP | १५३८४२७ | १५३८४२७ |
| | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | ५५२२००० | | | ज. राजश्व वाडफाड | ४५२७९४७१ | ४५२७९४७१ |
| | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | ९७९१००० | | ३ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | ३०७२४१५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - हेल्भटास | ६००९८०० | | | क. वित्तीय समानीकरण अनुदान | ६९८५००० | |
| | छ. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने - साना सिंचाइ | ७४४२९८१ | | | ख. शशर्त अनुदान प्रदेश सरकार | ११७३९१५० | |
| | ज. राजश्व वाडफाड | ४५२७९४७१ | | | ग. समपुरक अनुदान | १०००००००| |
| ४ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | ३३८९३८७१ | | घ. विशेष अनुदान | २०००००० | |
| | क. वित्तीय समानीकरण अनुदान | ६९८५००० | | | ङ. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | ९२३००० | ९२३००० |
| | ख. शशर्त अनुदान प्रदेश सरकार | ११७८६००० | | | च. सवारी कर वाँडफाँड | २१८६८७० | २१८६८७० |
| | ग. समपुरक अनुदान | १०००००००| | ४ | **कोरोना कोषको खर्च** | ९२९९०३४ | ९२९९०३४ |
| | घ. विशेष अनुदान | २०००००० | | ५ | **स्थानिय सरकार सहयोग कार्यक्रम** | | २७९९३० |
| | ङ. सवारी कर वाँडफाँड | २१८६८७१ | | | क.स्थानिय सरकार सहयोग कार्यक्रम | २७९९३० | |
| | च. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | ९३६००० | | ६ | **सामाजिक सुरक्षा** | | ५७२२४८०० |
| | छ. कोरोना रोग रोकथाम तथा उपचार कोष | ५००००० | ५००००० | | क.सामाजिक सुरक्षा खर्च | ५७२२४८०० | |
| ५ | **धरौटी आय** | | १८५९०६१ | ७ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | ४९९५००० | ४९९५००० |
| | क. गत वर्षको नगद मौज्दात | १०५४६४२ | | ८ | **गरिवसंग विशेश्वर कार्यक्रम** | ४९५००० | ४९५००० |
| | ख. यस वर्षको आय | ८०४४१९ | | 9 | **राष्ट्रिय पञ्जिकरण विभाग** | १४९५५७९ | १४९५५७९ |
| ६ | **सामाजिक सुरक्षा** | ५७६६२००० | ५७६६२००० | 10 | **धरौटी** | | ९२५००० |
| ७ | **स्थानिय सरकार सहयोग कार्यक्रम** | २७९९३० | २७९९३० | | क. यस वर्षको खर्च | ९२५००० | |
| ८ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | ४९९५००० | ४९९५००० | ११ | **शशर्त अनुदान फिर्ता** | | २४८०५५२५ |
| ९ | **गरिवसंग विशेश्वर कार्यक्रम** | ४९५००० | ४९५००० | | क संघिय सरकार सशर्त अनुदान | २४५३०३२५ | |
| १० | **राष्ट्रिय पञ्जिकरण विभाग** | १४९५५७९ | १४९५५७९ | | ख सामाजिक सुरक्षा भत्ता | २७५२०० | |
| ११ | **अन्य आय** | १५५३४४ | १५५३४४ | १२ | **बैंक मौज्दात** | | ६६३८८७२५ |
| | | | | | धरौटी | ९३४०६१ | |
| | | | | | संचितकोष | ६५४५४६६४ | |
| | **कुल जम्मा** | ४८९००९१७४ | ४८९००९१७४ | | **कुल जम्मा** | ४८९००९१७४ | ४८९००९१७४ |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचरलाई बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात रकम र बजेट खर्चको हिसाव मिलेको देखिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा पालिकाको सम्पुर्ण आर्थिक कारोबारको अभिलेख गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाउँपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामानहरु वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण भएको पाइएन ।<br>• भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• गाउँपालिका अध्यक्षले ३ दिन भन्दा बढी अवधिको भ्रमण आदेश गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको ।<br>• सम्बन्धित फर्म तथा व्यक्तिको नाममा रकम भुक्तानी नगरी कर्मचारीहरुलाई सोध भर्ना दिने गरेको।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• बैक नगदी कितावमा सिलसिलेवार रुपमा गोश्वारा भौचरको अंक प्रविष्टी गर्ने नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न सम्झौता बमोजिम गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दुर्गा कुमारी तामाङ्गले २०७६।३।१० गते रु.४३ करोड ४ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| ४. | **सशर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको लागि विनियोजन भै आएको शसर्त अनुदानतर्फ रु.७६७३५०।-, सामाजिक सुरक्षातर्फ रु.१६२०००।- र प्रदेश स्वास्थ्यवाट प्राप्त भई खर्च नभएको रु.१३०००।- समेत जम्मा रु.९४२३५०।- खर्च नभई वर्षान्तमा बाँकी रहेकोले उक्त बाँकी रकम सम्बन्धित संचित कोष फिर्ता हुनुपर्ने रु... | ९४२३५०।- |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ५. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी उजुरी नभएको र यो बर्ष दर्ता भएको ७ उजुरी मध्ये ५ फछ्र्यौट भई २ उजुरी फछ्र्यौट गर्न बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| ६. | **थप यातायात सुविधाः-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहित) को अनुसूची १(क) मा गाउँपालिकाका अध्यक्षलाई सवारी साधन उपलब्ध नभए मासिक रु.१००००।- यातायात खर्च दिने उल्लेख भएकोमा अध्यक्ष श्री रुद्र प्रसाद अधिकारीले सवारी साधन सुविधा सहित मासिक रु.१००००।- का दरले बार्षिक रु.१२००००।- यातायात खर्च समेत लिएको देखियो । ऐनको व्यवस्था अनुसार दोहोरो सुविधा नपाउने हुँदा मासिक यातायात खर्च रकम असुल हुनुपर्ने रु... | १२००००/- |
| ७. | **अनुगमन तथा भ्रमण खर्च -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण खर्चमा रु.१९८९१४०/- खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम कार्य हुनुपर्दछ। | |
| ८. | **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले अनुदान प्रदान गर्दा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि यस प्रकृतिका संस्थालाई अनुदान उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा | |

<table>
<tr><td colspan="2">कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा</td><td>आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><td>दफा नं.</td><td>लेखापरीक्षणवाट देखिएका व्यहोरा</td><td>बेरुजू रकम रु.</td></tr>
<tr><td></td><td>उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ३ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन र भवन मर्मत खर्चमा रु.३७५०००।- अनुदान उपलब्ध गराएका छन्<br><table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>हलेसी दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड (वड नं ८ वाट)</td><td>रासायनिक मल ढुवानी अनुदान</td><td>१२५०००</td></tr>
<tr><td>२</td><td>हलेसी दर्शन कृषि सहकारी संस्था लिमिटेड</td><td>कम्प्युटर तथा फर्निचर खरिद</td><td>१५००००</td></tr>
<tr><td>३</td><td>हरियाली कृषि सहकारी</td><td>भवन मर्मत</td><td>१०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>३७५०००</td></tr>
</table><br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>विद्युतिकरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७(क) मा रु.३ करोड रुपैंया सम्मको वोलपत्र स्वीकृत गर्ने अधिकार रा.प.तृतीय श्रेणीको कार्यालय प्रमुखलाई हुने र आफैले स्वीकृत गर्न नमिल्ने भएमा एक तहमाथीको अधिकारीवाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले ११ के भी सिंगल सर्किट ट्रान्समिसन लाइनको कार्य गर्न रु.४६१७०१०९।-(मु.अ कर समेत) को लागत अनुमान स्वीकृत गरी विद्युतीय माध्यमवाट सूचना प्रकाशन गरी पर्न आएका तिन वोलपत्रदाता मध्ये घटी कवोल गर्ने रेणु कन्स्ट्रक्सन प्रालिको रु.३७२९५२५४।-(मु.अ कर समेत) को कवोल अंक गाउँ कार्यपालिकावाट स्वीकृत नगराई प्रमुख प्रशासकिय अधिकृत आफैले स्वीकृत गरेको देखियो। उक्त ठेक्कामा गाउँ कार्यपालिकाको निर्णय नगराई प्रथम रनिङ विलको रु.२७५१३१८३।- भुक्तानी भएको उक्त खर्च नियमसम्मत नदेखिएको रु...</td><td>२७५१३१८३/-</td></tr>
<tr><td>९.१.</td><td>धरौटी कट्टी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टी गरी राख्नु पर्ने उल्लेख छ । रेणु कन्स्ट्रक्सन प्रा.लि.लाई विद्युतिकरण कार्यको रु.२७५१३१८३/-(मु.अ.कर समेत) भुक्तानी दिंदा नियमानुसार ५ प्रतिशत धरौटी कट्टी गर्नुपर्नेमा नगरी रु.१२१७३९७/- भुक्तानी दिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु...</td><td>१२१७३९७/-</td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>१०.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई</td><td></td></tr>
</table>

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| गत वर्षको अधुरो सिस्नेरी बान्द्रे फलाटे भन्ज्याङ सडक | सडक निर्माण | १९४०००० | जेसिवी मेसिन | १९१०००० |
| सेप्रे खोला माथिल्लो सल्लेरी सडक | सडक निर्माण | ९७०००० | ,, | ९५८१८५ |
| स्थानीय तह खेलग्राम | खेल मैदान | ४८५०००० | ,, | ४७७५००३ |
| आमबोटे ताप्के डाँडा | सडक निर्माण | ९७०००० | ,, | ९५५००० |
| ककनी सडक निर्माण योजना | सडक निर्माण | १४५५००० | ,, | १४३२५१६ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

११. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. ७४५६४७/-

| उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|
| स्थानीय तह खेलग्राम | ५८३५९३५ | ५५०६६९३ | १०६०९३५ | २८२०८१ |
| निलकण्ठेश्वर पुर्वाधार निर्माण योजना | १४४३१३५ | १३२७६९९ | ३९२६२५ | १०१९८६ |
| ककनी सडक निर्माण योजना | १६९५००३ | १६३५३१ | २६२५०३ | ८०९४८ |
| हाकुले गैरीवारी टोल खानेपानी योजना | १२३६४९५ | ११३७५२१ | १९१४९५ | ८००४३ |
| खोल्मे मुहानगरी कुसादेवी दलित वस्ती खानेपानी योजना | १३३१२७४ | १२३८११० | ३७६२७४ | ६९९८१ |
| मुलखर्क खेल मैदान | २२८३३४३ | २२०८५३४ | २८३३४३ | ६५५२५ |
| साविक मुलखर्क गाविस मोटरवाटो निर्माण | ४८८६८४ | ४४६८७१ | ८८३२० | ३४२२४ |
| जगतजननी खेल मैदान | ४७९२१० | ४४२२४० | ९७२१० | ३०८५९ |
| **जम्मा** | | | | **७४५६४७** |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| १२. | **वितरण भरपाई -** भौ.नं.३६-२०७७/३/३० वडा नं.९ ले कटुन्जेको स्थानीय इतिहास सम्बन्धी ७०० प्रति पुस्तक छपाइ गरेबापत स्टारलाइन प्रिन्टिङ प्रेसको विल संलग्न गरी रु.१०००००।-(मु.अ कर समेत) खर्च लेखेकोमा उक्त पुस्तकको जिन्सी दाखिला र वितरण गरेको भरपाइ पेश नभएकोले सो प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | १०००००/- |
| १३. | **कन्टिन्जेन्सी रकम -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभै बाँकी रहेको सशर्त तर्फको रकम सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्दछ । गाउँपालिका कार्यालयले संघीय बजेटवाट कन्टेन्जेन्सी बापत कट्टा गरेको रु.१५३४००।- र प्रदेश बजेटवाट कट्टा भएको रु.५६२००।- समेत रु.२०९६००।- खर्च नभई वर्षान्तमा बाँकी रहेकोले उक्त रकम सम्बन्धित संचित कोष दाखिला हुनुपर्ने रु... | २०९६००/- |
| १४. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३९ विद्यालय | १८४ | १७६ | ० | ४३०७ |

| | | |
|---|---|---|
| १५. | **विद्यालयगत निकासा रजिष्ट्रर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| १६. | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.८६३६००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१७६२०८०।- गरी ३९ विद्यालयहरुलाई रु.२६२५६८०।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ । | |
| १७. | **सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण -** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम यस गाउँपालिका अन्तर्गतका ९ माध्यमिक विद्यालय र ३० आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.४३५०००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । | |
| १८. | **छात्रवृत्ति -** गैर आवासीय छात्रवृत्तिको लागि IMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था छ । IMIS तथ्यांकको आधारमा ३९ विद्यालयका कक्षा १-८ मा रहेका छात्रा संख्या १८१६ जना र दलिततर्फ कक्षा १-८ मा रहेका छात्र संख्या १८६ गरी जम्मा २००२ जनालाई रु.४०० का दरले रु.८००८००।- निकासा हुनुपर्नेमा रु.८७३६००।- निकासा भएकोले बढी निकासा भएको रु.७२८००।- सम्बन्धित विद्यालयवाट असुल गरि दाखिला हुनुपर्ने रु... | ७२८००/- |
| १९. | **वितरणको प्रमाण -** भौ.नं.७६/२०७७/३/२५ कार्यालयले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६/७७ मा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री वितरण कार्यको लागि गाउँपालिकाले यस आ.ब.मा १०७८० थान सेनिटरी प्याड खरिद गरी रु.१०७८०००।- खर्च गरेको छ । पालिकाले खरिद गरेको उक्त सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण नगरी पालिकामानै मौज्दात रहेको छ । तसर्थ मौज्दात रहेको उक्त सेनिटरी प्याड सम्बन्धित विद्यालयका छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु... | १०७८०००/- |
| २०. | **जिन्सी दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले निम्न विद्यालयहरुलाई देहायका कार्यक्रमको लागि रकम निकासा गरेकोमा उक्त निकासा रकमवाट विद्यालयले खरिद गरेको सामानहरु आफ्नो जिन्सीमा आम्दानी बाँधेको पाइएन । तसर्थ खरिद सामानहरुको अभिलेख रहने गरी जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने रु... | २०१७०२७/- |

| भौ.नं. र मिति | विद्यालयको नाम | कार्यक्रम | खरिद रकम (मु.अ समेत) | जिन्सीमा आम्दानी हुनुपर्ने सामानको विवरण |
|---|---|---|---|---|
| २२-२०७७/२/४ | चौतरा मा वि | आइसिटी ल्याव स्थापना | ६४९१८५ | ल्यापटप १ थान, प्रिन्टर १ थान, प्रोजेक्टर १ थान, कलर प्रिन्टर १ थान |
| ३५-२०७७/२/२० | कालिका मा वि | इ एजुकेशन | ४९९४६० | इन्टरयाक्टिभ प्यानल वोर्ड १ थान, टिभी २ थान |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | | |
|---|---|---|---|---|
| ५१-२०७७/३/९ | ,, | उत्कृष्ट विद्यालय | ३६००० | ल्यापटप १ थान |
| ६७-२०७७/३/२१ | प्रबुद्ध मा वि | ,, | १८२३८२ | डेल ल्यापटप १ थान |
| ५६-२०७७/३/१५ | कुशादेवी मावि | विज्ञान प्रयोगशाला | ६५०००० | विज्ञान प्रयोगशालाका विभिन्न १३२ प्रकारका सामान |
| जम्मा | | | २०१७०२७ | |

२१. **संघीय संचितकोष दाखिला -** भौ.नं. ४२-२०७७/३/१ गाउँपालिकाले अन्तर्गतका विद्यालयहरुलाई तेस्रो चौमासिकको शिक्षक तलब भत्ता निकासामा १ विद्यालयलाई माग भन्दा बढी निकासा दिएको रु.५२८१०५०।- मिति २०७७/३/९ मा गाउँपालिकाको संचितकोष खाता दाखिला गरेको पाइयो। गाउँपालिका संचितकोष दाखिला भएको उक्त रकम संघीय सशर्त अनुदानको रकम भएकोले संघीय संचितकोष दाखिला हुनुपर्ने रु... — ५२८१०५०/-

२२. **खर्च शीर्षक -** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३५ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा सम्वन्धित खर्च शीर्षक मिलाई खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको खर्च सम्बन्धित शीर्षकवाट नलेखि अन्य असम्बन्धित शीर्षकवाट खर्च लेखेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु... — १७७८१२७/-

| **भौ.नं. र मिति** | **खर्च लेख्नु पर्ने शीर्षक** | **खर्च लेखेको शीर्षक** | **रकम** |
|---|---|---|---|
| ४७-२०७७/३/७ | तलब भत्ता | दिवा खाजा | ११६१२७ |
| ४९-२०७७/३/७ | शिक्षण सिकाइ अनुदान | दिवा खाजा | १६६२००० |
| जम्मा | | | १७७८१२७ |

२३. **दैनिक भ्रमण भत्ता -** भौ.नं.४-२०७६/१२/४ शिक्षा कार्यक्रम अन्तर्गत कक्षा-८ को परिक्षा संचालनको लागि गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत राम कुमार कार्कीले अनुगमनको लागि मिति २०७६/११/२८ देखि २०७६/१२/२ सम्मको भ्रमण आदेश स्वीकृत गराई रु.६८००।- भुक्तानी लिएकोमा सोही कार्यक्रमको लागि पुनः भौ.नं.११-२०७७/१/२४ मा मिति २०७६/११/२७ देखि २०७६/१२/३ सम्म भ्रमण आदेश स्वीकृत गरी रु.१००००।- भुक्तानी लिएको पाइयो । यसरी एकै कार्यक्रमको लागि दोहोरो हुनेगरी दैनिक भ्रमण भत्ता स्वीकृत गरी भुक्तानी लिएको रकम असुल हुनुपर्ने रु... — १००००/-

२४. **पदाधिकारी अनुगमन एवं भ्रमण खर्च -** गाउँ तथा नगरसभाका सदस्यले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा अध्यक्ष र उपाध्यक्षलाई अनुगमन भत्ता बापत मासिक रु.१००००।- का दरले भुक्तानी दिने व्यवस्था छ । सो अनुसार पाउने सुविधा मासिक रुपमा लिसकेपछि पनि देहायनुसार गा.पा. एवं वडा भित्र विभिन्न कार्यक्रमहरुको अनुगमन गरेबापत भत्ता भुक्तानी दिएको देखियो । यसरी दुवै भत्ता सुविधा दिन मिल्ने नदेखिएकोले उक्त रकम रु.३००००/- असुल हुनुपर्ने रु... — ३००००/-

| **भौ.नं. र मिति** | **पदाधिकारीको नाम** | **अनुगमन दिन** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २२-२०७७/३/१७ (शिक्षा) | रुद्र प्रसाद अधिकारी | ७ | १०००० |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | |
|---|---|---|---|
| ,, | दुर्गा कुमारी तामाङ | ७ | १०००० |
| ८३-२०७७/३/३१(स्वास्थ्य) | रुद्र प्रसाद अधिकारी | ७ | १०००० |
| **जम्मा** | | | **३००००** |

२५. **नमुना विद्यालय सुधार गुरुयोजना -** गत आर्थिक वर्षवाट भौतिक पूर्वाधार कार्यक्रम अन्तर्गत निर्माणाधिन रहेको प्रबुद्ध माध्यामिक विद्यालय च्यानामलाई यस वर्ष सशर्त अनुदान स्वरुप रु.१ करोड ५० लाख रकम विनियोजन भएकोमा उक्त अनुदान रकमवाट विद्यालयले विभिन्न ८ प्रकारका भौतिक संरचनाहरु निर्माण गरेको छ । यस सम्बन्धि देखिएका थप व्यहोरा निम्नानुसार छन् -

२५.१. सशर्त अनुदान अन्तर्गत स्थानीय तहमा प्राप्त भएको विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमको लागि प्राप्त बजेटवाट कन्टेन्जेन्सी रकम कटौती गर्न नपाइने व्यवस्था कार्यविधिमा रहेको छ । नमुना विद्यालय प्रवुद्ध माविले गुरुयोजना अनुसार प्राप्त रकमवाट निम्नानुसारको भौतिक निर्माणको लागत अनुमान तयार गर्दा सोमा कन्टिन्जेन्सी समेत समावेश गरी लागत अनुमान तयार गरेको पाइयो । पालिकावाट अनुदान रकम निकासा गर्दा कन्टिन्जेन्सी कट्टा गरेको नभएतापनि विद्यालयले लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी समावेश गर्नाले वास्तविक निर्माण कार्य परिमाणमा घटि हुने हुँदा उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु... ६६६८८८/-

| क स | कार्यक्रम | लागत अनुमान कन्टेन्जेन्सी समेत | कन्टेन्जेन्सी | अनुदान |
|---|---|---|---|---|
| १ | विज्ञान प्रयोगशाला भवन | ९९९९८०५ | ४२३७२० | ९७५०००० |
| २ | पालेघर निर्माण | २५५३६१५ | १०७६११ | २२९०००० |
| ३ | विज्ञान प्रयोगशाला भवन स्टेज निर्माण | २०३५९४ | ९९२९ | १८७००० |
| ४ | खानेपानी योजना | २०५३६९ | ८८४३ | १८५००० |
| ५ | विज्ञान प्रयोगशाला ब्लक शौचालय निर्माण | २४४१०७ | १०५११ | २३०००० |
| ६ | खेलमैदान विस्तार | ७७७७०४ | ३३०७५ | ७३५००० |
| ७ | भवन मर्मत तथा विधुतिकरण | ७०८०९६ | २८८२९ | ६३७००० |
| ८ | भवन मर्मत १२ कोठा | १०३३०७१ | ४४३७० | ९८६००० |
| **जम्मा** | | | **६६६८८८** | **१५००००००** |

२५.२. नमुना विद्यालय प्रवुद्ध माविले भौतिक निर्माणको लागत अनुमान तयार गर्दा निम्नानुसार परिमाणमा मुल्य अभिवृद्धिकर समावेश गरी लागत अनुमान तयार गरेको पाइयो । तर कार्यसम्पन्न साथ पेश गरेको विल भरपाईमा मु.अ कर बाहेकका वीजक पेश भएकोले लागत अनुमानमा समावेश भएको मु.अ कर असुल हुनुपर्ने रु... ९०९४८/-

| क स | कार्यक्रम | लागत अनुमानमा | | | वीजक पेश नभएको मु.अ कर रकम |
|---|---|---|---|---|---|
| | | कामको विवरण | परिमाण | मुअ कर सहित रकम | |
| १ | विज्ञान प्रयोगशाला भवन | काठको ७ वटा ढोका र २५ झ्याल | २.४५ घ मी | ६७४८१८ | ८७७२६ |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पालेघर निर्माण | काठको १ वटा ढोका र १ झ्याल | ०.०९ घ मी | २४७८९ | ३२२२ |
| जम्मा | | | | | ९०९४८ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २६. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.६९४२०६।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः | |
| २६.१. | खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । | |
| २६.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश भएको देखिएन । | |
| २६.३. | आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| २६.४. | जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको औषधी खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन । | |
| २६.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारीसारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २७. | **कर्मचारी प्रोत्साहन भत्ता** - भौ.नं.८१-२०७७/३/३१ अर्थमन्त्रालयको च.नं.८२४-२०७६/२/२० को आ.ब.२०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन अनुसार सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागिमात्र खर्च गर्ने व्यवस्था छ । यस गाउँपालिकाले सशर्त अनुदान तर्फको स्वास्थ्य कार्यक्रममा बचत भएको रकमवाट पालिकाका निम्नानुसारका कर्मचारीलाई रु.६१८१३३।- प्रोत्साहन भत्ता भुक्तानी दिएको देखियो । मार्गदर्शनको पालना नगरी सशर्त अनुदानवाट प्रोत्साहन भत्तामा खर्च लेखेको उक्त रकम असुल हुनुपर्ने रु... | ६१८१३३/- |

| सि.नं. | पद | कर्मचारीको नाम | भुक्तानी रकम (कर कट्टि पछि) |
|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | राम कुमार कार्की | ७१२६० |
| २ | शिक्षा अधिकृत | विवेक कुमार तामाङ | ७४९८२ |
| ३ | प्र.अधिकृत | जीवन घिमिरे | ३५६३० |
| ४ | लेखा अधिकृत | रेश्मा राई | ७१२६० |

**कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा** **आर्थिक वर्ष - २०७६/७७**

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | स्वास्थ्य संयोजक | गोपाल बहादुर कार्की | ३५६३० |
| ६ | इन्जिनियर | रोशन दाहाल | ३५६३० |
| ७ | लेखापाल | देवि प्रसाद भट्टराई | २७९१८ |
| ८ | योजना शाखा प्रमुख | सन्तोष राई | ५५८३६ |
| ९ | सब.इन्जिनियर | समर्पण कार्की | ५५८३६ |
| १० | लेखापाल | बलराम पोखेल | ५५८३६ |
| ११ | अ.स.ई | तान्जीङ तामाङ | ५२६८७ |
| १२ | खरिदार | सरोज आचार्य | २६३४३ |
| १३ | का स | धन बहादुर तामाङ | १९२८५ |
| **जम्मा** | | | **६१८१३३** |

२८. **संघीय संचितकोष दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभै बाँकी रहेको सशर्त तर्फको रकम सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्दछ । कार्यालयले एकिकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम संचालन गरी बाँकी रहेको देहाय अनुसारको रकम रु.३००००।- गाउँपालिका संचितकोष खातामा फिर्ता गरेको पाइयो । यसरी सर्शत अनुदानको बाँकी रकम गाउँपालिकाको संचितकोषवाट संघीय संचित कोष दाखिला हुनुपर्ने रु... — बेरुजू रकम: ३००००/-

| भौ नं. र मिति | बजेट खर्च | कार्यक्रम भएको रकम | बाँकी भइ फिर्ता भएको रकम |
|---|---|---|---|
| ५२-२०७७/३/१९ | ८४००० | ५६८०० | २७२०० |
| ५९-२०७७/३/१८ | ५६००० | ५३२०० | २८०० |
| **जम्मा** | | | **३००००** |

**कृषितर्फ**

२९. **वहाल कर -** भौ.नं.१३-२०७७/३/२४ लालिगुराँस महिला कृषक समुहलाई ढुवानी बापतको रु.४००००।- भुक्तानी गरेकोमा सोमा आयकर ऐन, २०५८ अनुसार लाग्ने १० प्रतिशत ढुवानी कर रु.४०००।- कट्टा नगरेकोले उक्त कर असुल गरी दाखिला हुनुपर्ने रु**...** — बेरुजू रकम: ४०००/-

३०. **विल भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । निम्नानुसारको कार्यक्रमको विल भरपाई परीक्षण गर्दा भुक्तानी भएको रकम भन्दा घटी विल भरपाइ पेश भएकोले नपुग विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... — बेरुजू रकम: ११३०४१/-

| भौ.नं. र मिति | कार्यक्रमको नाम | भुक्तानी रकम | पेश भएको विल भरपाइ | नपुग विल भरपाई |
|---|---|---|---|---|
| २७-२०७७/२/२९ | पोखरी निर्माण | ४०४१८१ | ३६४८४० | ३९३४१ |
| २९-२०७७/२/२९ | सुनकोशी नमुना एग्रिकल्चर प्रालि | ८०६४४७ | ७३२७४७ | ७३७०० |
| जम्मा | | | | ११३०४१ |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | **प्रकोष व्यवस्थापन कोष (कोभिड १९ कोरोना कोष)** | |
| ३१. | **कोषको स्थिति -** गाउँपालिकाले कोभिड १९ कोष खडा गरी उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार र पालिकावाट गरी जम्मा रु.९३०००००।- आम्दानी भएको छ । उक्त आम्दानीवाट खर्च भएको रु.९२९९०३४।- मध्ये राहातका सामान खरिदमा रु.५०२८२९०।-, कोरोना जोखिम भत्तामा रु.१२४७८२७।- र बाँकी रकम क्वारेन्टइन निर्माण, खाजा खाना र स्थानीय बासिन्दालाई अन्यत्रवाट पालिकासम्म ल्याउदाको यातायातमा खर्च भएको छ । | |
| ३२. | **जोखिम भत्ता -** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ६ अनुसार कोभिड-१९ संक्रमणको पहिचान, रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै व्यवस्था गर्नुपर्ने उल्लेख छ । साथै कोभिड-१९ सम्बन्धी कोष खडा भएमा त्यस्तो कोषवाट कुनै पनि सुविधा खर्च लेख्न नपाइने व्यवस्था रहेकोमा पालिकाले स्वास्थ्य क्षेत्रका करारका ३६ र स्थायी २७ गरी जम्मा ६३ जना कर्मचारीहरुलाई २०७६ चैत्र ११ देखि २०७७ जेठ ५ सम्मको तलब स्केलको ५० प्रतिशतले हुने भत्ता रु.१२४७८२७।- प्रकोप व्यवस्थापन कोषवाट खर्च लेखेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु... | १२४७८२७/- |
| ३३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, खानेपानी पाइप मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७६० जनालाई रोजगारी उपलव्ध गराई रु.४०४५६००।- खर्च गरेको छ । पालिकाले लक्षित वर्गलाई २ देखि २३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला र कार्यक्रम बापत खर्च लेखेको देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको छ भन्न सकिएन। | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ३४. | **भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु.५७६६२०००/- खर्च भएकोमा देखिएका थप व्यहोराहरु निम्न अनुसार छन् । | |
| ३४.१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार लाभग्राहीको विवरण एम आइ. एस. मा प्रविष्टि नभई कुनै पनि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा प्राप्त हुने छैन भनी उल्लेख गरेको छ । गाउँपालिका अन्तर्गतका १० वटै वडाहरुमा एम.आइ.एस. मा प्रविष्टि नभएका व्यक्तिहरुलाई भरपाईका आधारमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको देखियो । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३४.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भत्ता उपभोग गर्न इच्छुक र योग्य नागरीकले तोकिएको मितीमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फाराम आहवान गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । कार्यालयले कार्यविधिमा भएको उल्लेखित व्यवस्थाको पालना नगरेको हुँदा लाभगाहीको संख्या यकिन गर्न सकिएन। | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| ३४.३. | कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले १० वटै वडामा लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गा.पा.ले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । | |
| ३४.४. | वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले गर्नसक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| | **आन्तरिक राजस्व तर्फ** | |
| ३५. | **नगदी रसिद नियन्त्रण खाता -** कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको, यस वर्ष छपाई गरेको, यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिनेगरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नुपर्दछ । पालिका कार्यालयले नगदी रसिद नियन्त्रण खाता नराखेको कारण के कति नगदी रसिद छपाई, के कति प्रयोग गरीयो र के कति बाँकी छ सो सम्बन्धमा एकिन हुन सकेन । | |
| ३६. | **आन्तरिक आय -** गाउँपालिकाले पेश गरेको नगदी रसिद अनुसार यस वर्ष मालपोत, सिफारिश दस्तुर, घर बहाल कर, ब्याक हो लोडर भाडा, खानी जन्य पदार्थ निकासी लगायत विभिन्न शिर्षकहरुमा रु.२०९१०६२/- आम्दानी गरेको देखिन्छ । सो आम्दानीलाई गा.पा.को बैंक दाखिला संग भिडान गर्दा रु.२३४३५७७/- बैंक दाखिला भएको देखियो । जुन रकम कुल आम्दानी भन्दा रु.२५२५१५/- ले बढी रहेको छ । बढी दाखिला रकमको श्रोत एकिन हुन सकेन । तसर्थ गा.पा.ले पालिका कार्यालय लगायत वडाहरुको नगदी रसिदहरु एकिन गरी आम्दानीको हिसाबलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ। यस सम्बन्धी थप व्यहोराहरु निम्नानुसार छन् । | |
| ३६.१. | गाउँपालिकाले खानीजन्य पदार्थ निकासी बापत यस वर्ष रु.३८१५२७।- आम्दानी गरेको देखियो । जुन आम्दानी आर्थिक वर्षको अन्त्यमा मात्र जम्मा गरेको छ । गाउँपालिकाले IEE गरी उठाउन पाउने परिमाणको ठेक्का लगाई खानी जन्य पदार्थ निकासी गर्नुपर्नेमा पालिकाले तोकिदिएको दरलाई आधारमानी गा.पा.को रसिद प्याड प्रयोग गरी आम्दानी गरेको छ । तसर्थ IEE गरेर मात्र खनिज जन्य पदार्थ निकासी गरी आम्दानी गर्नेतर्फ सुधार हुनुपर्दछ। | |
| ३६.२. | गाउँपालिकाको वडा नं ५ ले वर्ष भरी गरेको आम्दानीको श्रेस्ता पेश नगरेकोले आम्दानी एकिन गर्न सकिएन तसर्थ आम्दानीको यथार्थ खोजविन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |

| कार्यालयको नाम - सुनकोशी गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| ३७. | **खर्च शीर्षक** - भौ.नं.४-२०७६/११/६ एम आइ एस अपरेटर रन्जु खत्रीलाई अनुगमन मुल्यांकन शिर्षकवाट अनुगमन गरे बापतको भुक्तानी दिनुपर्नेमा सेवा र परामर्श शिर्षकवाट खर्च लेखेकोले शीर्षक फरकपारी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु... | ८४००/- |
| ३८. | **अनुगमन मुल्यांकन खर्च** - भौ.नं. २६, २७-२०७७/२/२२ कार्यालयले फिल्ड सहायक जिवन धमला र सर्मिला अधिकारीलाई अनुगमन मुल्यांकन बापत रु.६३०००।- भुक्तानी खर्च लेखेको देखियो । निजहरुको करार सम्झौतामा तलब भत्ताको अतिरिक्त सुविधा पाउने सम्बन्धमा उल्लेख नगरेको हुँदा लिन पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ६३०००/- |
| ३९. | **पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार लिएको पेश्की तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | ३२९९८१३/- |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | रकम |
|---|---|---|
| ढाँडखोला मुहानगरी तामाङटोल मगरटोल सिंचाइ जल उपभोक्ता संस्था | २०७७/३/१८ | ५३५८९० |
| सिस्नेखोला पोखरे जल उपभोक्ता संस्था | २०७७/३/१८ | ५५५६३५ |
| छाङखोला मुहान दिपसिंङ जल उपभोक्ता संस्था | २०७७/३/१८ | ६१०८८५ |
| कुम्लिङटार दोभान मोलुङ जल उपभोक्ता संस्था | २०७७/३/१८ | ९९६५८५ |
| आरुभन्ज्याङ आवि घेरावार योजना (वडा नं २) | २०७६/१२/४ | ३१५१५ |
| दयारामटोल सडक निर्माण योजना वडा नं ९ | २०७७/२/१४ | ३१५०० |
| वैदाकुवा खानेपानी दुले वडा नं ५ | २०७६/११/११ | ३१५१५ |
| पाटी डाँडा पात्ले सडक स्तरउन्नती | २०७६/१२/४ | ७८७८८ |
| सिंचाइ पोखरी संरक्षण योजना | २०७७/३/९ | १५७५०० |
| शाखा अधिकृत विक्रम दाहाल | २०७६/१२/२ | २२०००० |
| वडा सचिव रोसन गिरी वडा नं ५ | २०७७/३/१७ | ५०००० |
| **जम्मा** | | **३२९९८१३** |

| | | |
|---|---|---|
| | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कार्यालयबाट अनुरोध भई आएन । | |
| | **संचित कोष तथा बेरुजुको स्थिति** - पालिकाको संचित कोषको स्थिति, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसूची-१, २ र ३ मा समावेश गरिएको छ । | |

अनुसूची-१

## संचित कोषको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| प्रदेश नं.१ | ओखलढुंगा | सुनकोशी गाउँपालिका | गाउँपालिका | ८६८९०४ | ४७२५७ | ५.४४ | ४२७२५ | ३२८४१९ | ४७४६६ | २०२० | ६८३७९ | ४४६२८४ | २३६५२० | ८५६५८ | १००४४३ | ४२२६२० | ६६३८८ |

अनुसूची-२

## बेरुजु बर्गीकरण

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा /नगर/गाउँ पालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं.१ | ओखलढुंगा | सुनकोशी गाउँपालिका | गाउँपालिका | १९ | २४ | ४७२५७ | ० | ० | ० | १९ | २४ | ४७२५७ | २३५८ | ३१७६५ | ९८३४ | ० | ० | ४१५९९ | २७० | ३०३० | ३३०० |

अनुसूची-३

## अद्यावधिक बेरुजुको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | गत वर्षको अनुसूचीबाट | समायोजन | गत बर्ष सम्मको बाँकी वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | ओखलढुंगा | सुनकोशी गाउँपालिका | गाउँपालिका | १६००२ | ० | १६००२ | ० | ० | ० | ० | १६००२ | ४७२५७ | ६३२५९ | ३३०० |